संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - १३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल फागुन १५ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सम्माननीय सभामुखले प्रतिनिधि सभा सदस्य शहनाज रहमानको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक जनता समाजवादी पार्टी, नेपालबाट वि.सं. २०७९ सालको प्रतिनिधि सभा निर्वाचनमा समानुपातिक सदस्यको रुपमा निर्वाचित एवं वञ्चितिकरणमा परेका समुदायको सशक्तिकरणमा नेतृत्वदायी भूमिका निभाउनु भएकी शहनाज रहमानको मिति २०७९ फागुन १३ गते शनिबार हृदयघातको कारण भक्तपुरस्थित मध्यपुर अस्पतालमा उपचारको क्रममा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तदुपरान्त सभाले दिवंगत शहनाज रहमानको आत्माको चिरशान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर अर्को बैठक २०७९ साल फागुन १७ गते बुधबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको १.१५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव